## अनुसुची ३

**आसय पत्रको नमुना** (सार्वजनिक खरिद अनुगमन कार्यालयले तथार गरि प्रमाणित गरेको Expression of Interest कागजातको अनुवाद गरिएको )

(कार्यविधिको दफा ७ को उपदफा १ सँग सम्बन्धित)

### १. निवेदन

मिति : …………………

स्थानीय तहको पुरा नाम : …………….

टेलिफोन न._______

फ्याक्स न.: ____________________________________

ई–मेलः _______________________________

श्रीमान् प्रमुख ज्यु,

1. त्यस ……………. स्थानीय तहहरुलाई ……….सम्वन्धी सेवाकार्य उपलब्ध गराउन सेवा प्रदायकको रुपमा सुचीकृत गराउनकालागि उपलब्ध भएका सम्पुर्ण आवस्यक सूचनाहरु अध्ययन मनन् गरी …….. संस्थाको तर्फबाट आधिकारिक रुपमा यो निवेदन पेश गरेको छु ।
2. यस पत्र साथ यस संस्थाको वैधानिक अवस्था र प्रमुख कार्यक्षेत्र र ठेगाना जनाउने कागजातहरुको प्रतिलिपि संलग्न रहेका छन् ।
3. ……… स्थानीय तहहरुको आधिकारिक प्रतिनिधिले आवस्यक परेमा यस पत्र साथ संलग्न गरिएका विवरण, कागजात र सूचना जाँच गरी रुजु गर्न सकिनेछ । यस संस्थाको श्रोत, अनुभव र प्रतिस्पर्धी क्षमताका सहायक सूचनाकावारेमा तहाँबाट माग गरिएमा सम्बन्धित जो सुकै ब्यक्ति वा आधिकारिक प्रतिनिधिलाई उपलब्ध गराउने समेत सुनिश्चितता गर्दछौं ।
4. थप सूचना आवस्यक परेमा …….. स्थानीय तहहरु वा त्यसका आधिकारिक प्रतिनिधिले यस पत्रका हस्ताक्षरकर्तालाई सम्पर्क गर्न सकिनेछ ।
5. थप जानकरीकालागि निम्न लिखित ब्यक्ति र ठेगानामा सम्पर्क गर्न सकिनेछ ,

(नाम)

(संस्था)

(ठेगाना)

(फोन, फ्याक्स, ईमेल)

6. हामी, प्रस्तावित खरिद कार्यमा कुनै स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायसँग सम्बन्धी कुनै सजाय नपाएको साथै हाम्रो संस्था अयोग्य नभएको घोषणा गर्दछौं ।
7. यदि हाम्रो कुनै वीज्ञहरु यो कार्यको विवरण तयार गर्न संलग्न भएको पाइएमा हाम्रो संस्था र विज्ञहरु यस कामकोलागि सुचकिृत भई कार्य गर्न अयोग्य हुने सुनिश्चतता गर्दछौं ।
8. यस निवेदनमा उल्लेख भएका विवरणहरु र उपलब्ध गराईएका सूचनाहरु पूर्ण, सत्य तथा सहि रहेको घोषणा गर्दछु ।

**हस्ताक्षर :**

**नाम :**

....... **संस्थाको तर्फबाट**

## २. प्रस्तावदाताको विस्तृत विवरण

1. संस्था वा कम्पनिको नाम :
2. संस्थापनाको प्रकार ( साझेदारी/प्रा. लि./गै.स.स.) :
3. दर्ता मिति/ कारोवार शुरु गरेको मिति : साल.......महिना ......गते.......
4. दर्ता भएको देश :
5. दर्ता भएको ठेगाना (कार्यक्षेत्र) :
6. टेलिफोन नं., फ्याक्स नं., ईमेल ठेगाना :
7. आधिकारिक सम्पर्क ब्यक्तिको नाम/पद/ठेगाना/टेलिफोन :
8. आधिकारिक कानुनी प्रतिनिर्धिको नाम/ठेगाना/टेलिफोन :
9. परामर्शदाताको संगठन :
10. कुल कर्मचारी संख्या :
11. नियमित पेशागत कर्मचारीको संख्या :

*(परामर्शदाता संस्थाको पृष्ठभुमि र संगठन सहितको विवरण उपलब्ध गराउने*

## ३. अनुभव

### ३(क) सामान्य कार्य अनुभव

*(कार्य गरेको बिस्तृत विवरण, प्रत्येक संस्था ले अनिवार्य यो फारम भरी निवेदन साथ संलग्न गर्नु पर्दछ)*

| क्र. सं. | कामको नाम | स्थान | सम्झौताको रकम | कार्य सम्पन्न भएको बर्ष | ग्राहक | सम्पन्न कामको बिवरण |
|---|---|---|---|---|---|---|
| 1. | | | | | | |
| 2. | | | | | | |
| 3. | | | | | | |

### ३ (ख). बिशिष्ट कामको अनुभव

**विगत पाँच  बर्षमा गरेको प्रस्तावित काम सँग मिल्दोजुल्दो काम**

*(प्रत्येक संस्था ले गरेको कार्य बिवरण संलग्न गर्नु पर्दछ)*

| | |
|---|---|
| कामको नाम : | सम्झौताको मूल्य रु. : |
| देश : स्थान : | कामको अवधि (महिनामा) : |
| ग्राहकको नाम : | काममा प्रयोग भएको कुल ब्यक्ति–महिना : |
| ठेगाना : | सम्झौता अन्तर्गत प्रस्तावदाताले उपलब्ध गराएको सेवाको मूल्य रु. : |
| कार्य शुरु मिति : महिना/बर्ष<br>कार्य सम्पन्न मिति : महिना/बर्ष | संस्थाले उपलब्ध गराएको कुल ब्यक्ति–महिना : |
| संयुक्त उपक्रमको वा सहायक सम्झौताको साझेदारको नाम | आयोजनाको बिवरण : |
| काममा उपलब्ध गराइएको वास्तविक सेवाको बिवरण :<br>**नोट : प्रस्तावदाताले उपलब्ध गराएको आशयपत्रमा माग भएको काम सँग मिल्ने सेवा प्रकाश पार्ने** | |

संस्थाको नाम : ______________________________

## ३(ग). भौगोलिक अनुभव

## प्रस्तावित भैगोलिक क्षेत्र सँग मिल्ने भैगोलिक क्षेत्रको अनुभव

*(प्रत्येक संस्था ले गरेको कार्य बिवरण संलग्न गर्नु पर्दछ)*

| क्र. सं. | आयोजनाको नाम | स्थान | कार्यान्वयन बर्ष र अवधि |
|---|---|---|---|
| ***1.*** | | | |
| ***2.*** | | | |
| ***3.*** | | | |
| ***4.*** | | | |
| ***5.*** | | | |
| ***6.*** | | | |
| ***7.*** | | | |
| ***8.*** | | | |
| ***9.*** | | | |

## ४. क्षमता

### ४(क) वित्तीय क्षमता

*(प्रत्येक संस्था ले विवरण संलग्न गर्नु पर्दछ)*

| बार्षिक आय | |
|---|---|
| बर्ष | रकम रु. |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

- **बार्षिक औषत आय**

| |
|---|
| |

*(नोट : उक्त बार्षिक औषत आयको प्रमाणित गर्ने कागजात समेत संलग्न गनुपर्नेछ)*

## ४(ख) प्रस्तावित कार्यसँग सम्बधित संरचना/उपकरण

| क. सं. | आवश्यक संरचना/उपकरण | आवश्यकताको विवरण |
|---|---|---|
| *1.* | | |
| *2.* | | |
| *3.* | | |
| *4.* | | |
| *5.* | | |

## ५. मूख्य वीज्ञहरु

*((प्रत्येक संस्था ले विवरण संलग्न गर्नु पर्दछ)*

| क्र. सं. | नाम | पद | अधिकतम् योग्यता | कार्य अनुभव (बर्षमा) | बिशिष्ट कार्य अनुभव (बर्षमा)) | राष्ट्रियता |
|---|---|---|---|---|---|---|
| 1 | | | | | | |
| 2 | | | | | | |
| 3 | | | | | | |
| 4 | | | | | | |
| 5 | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ६. आशयपत्रका साथ संलग्न गर्नु पर्ने कागजातहरु

क. नेपाल सरकारको प्रचलित कानुन अनुसार सम्बन्धित जिल्लामा दर्ता भएको संस्था वा कम्पनिको हकमा सम्वन्धित जिल्लामा कार्य अनुमती भई नविकरण भएको ।

ख. पछिल्लो ३ बर्षको लेखा परीक्षण प्रतिवेदन (२०७५/७६, २०७६/७७ र २०७७/७८)

ग. VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

घ. कर छुटको प्रमाणपत्रवा कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि

ङ. संस्थाको हकमा विधान वा कम्पनीको हकमा प्रबन्ध पत्र र नियमावली

च.संगठनात्मक ढाँचा, कार्य समितिका सदस्यहरुको नामावली तथा संस्थाका सदस्य संख्याको जानकारी सहितको संस्थाको प्रोफाइल ।

छ. कम्तीमा पाँच वर्षसम्म सम्बन्धित जिल्लामा काम गरेको देखिने परियोजना दस्तावेज, प्रगती विवरणहरु वा स्थानीय सरोकारवाला संस्थाले प्रदान गरेको पत्र वा अन्य आधिकारिक कागजात ।

ज. सामाजिक परिचालन, मानव अधिकार, सुशासन, मानव वेचविखन, पिछडिएको तथा सिमान्तकृत वर्गको सशक्तीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी काम गरेको अनुभव भएको तथा सोसंग सम्बन्धित कागजातहरु । सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा कम्तीमा दुई बर्ष काम गरेको अनुभव भएको संस्थालाई ग्राहयता दिईनेछ।

पेश गरिएका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकद्धारा प्रमाणित गर्नु पर्नेछ । माथि उल्लेखित लिखित कागजात पेश नभएमा सो लाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

आर्थिक, प्रशासनिक तथा मानव संसाधन नियमावली उपलब्ध भएमा सो पनि समावेश गर्न सकिनेछ ।

## ७. संस्थाका दाता, सहकर्मी, सहयोगी संस्था वा लाइन एजेन्सीको नाम, ठेगाना तथा सर्म्पक

| दाता, सहकर्मी, सहयोगी संस्था वा लाइन एजेन्सीहरुको नाम | सर्म्पक ब्यक्ति | पद | ईमेल | सर्म्पक नम्बरहरु | ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची ४

**आशयपत्र माग गर्ने सूचना**

कार्यविधिको दफा ७ को उपदफा १ अनुसार

**कावासोती नगर कार्यपालिकाको कार्यालय**

नवलपरासी (वर्दघाट सुस्ता पुर्व)

**प्रकाशित मिति : २०७९/०३/२१ गते**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस नवलपरासी (वर्दघाट सुस्ता पुर्व) जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा **कावासोती नगरपालिका, गैडाकोट नगरपालिका, मध्यविन्दु नगरपालिका र विनयी त्रिवेणी गाउँपालिकामा** समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रमका (Safer Migration Program) लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक, नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भई देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशयपत्र आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्रमा (२०७९ श्रावण ३ गते सम्ममा) कार्यालय समयभित्र कावासोती नगरपालिकाको कार्यालयमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशय पत्र पेश गर्न सकिनेछ । आशयपत्रदाताको योग्यता, आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक जानकारीको लागि यस कावासोती नगरपालिकाको वेब साईट www.kawasotimun.gov.np मा राखिएको छ।

(१) आशयपत्रदाताको योग्यता :

क) अनुभव : कम्तिमा पाँच बर्ष अगाडि दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।

ख) प्रस्तावित कार्य सँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय :कम्तिमा दुई बर्ष परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।

(४) आशयपत्रदाताले आशयपत्रसाथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशयपत्र पेश गर्ने स्थान : कावासोती नगरपालिकाको कार्यालय, कावासोती

(६) आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ। उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाही गरिने छैन ।

(७) सुरक्षित आप्रवासन सम्बन्धी सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्था संग उप सम्झौता (sub contract) गर्न पाईने छैन। तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले वाधा पुऱ्याउने छैन ।

(९) आवश्यक थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला ।

नोटः यस जिल्लामा दर्ता भएका संस्था भन्नाले साविकको नवलपरासी जिल्लामा दर्ता भएको, र नवलपरासी वर्दघाट सुस्ता पुर्व जिल्ला स्थापना भए पश्चात नवलपरासी वर्दघाट सुस्ता पुर्व जिल्ला प्रशासन कार्यालयमा नियमानुसार नवीकरण भइराखेका संस्था भन्ने वुझिन्छ ।